श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
(नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)
केन्द्रीय कार्यालय : गोलबजार न.पा. ७ चोहर्वा (सिराहा)
फोन नं. ०३३-४०१०८४, ४०११३३
Email : info@shrijanshil.com.np,
Website : www.shrijanshil.com.np


# चौथो वार्षिक साधारण सभा सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०२/२६)

**श्री आदरणीय शेयरधनी महानुभाव ज्यूहरु**

यस श्रृजनशील लघुवित्त वित्तीय संस्था लि.को मिति २०८०/०२/१८ गते बसेको सञ्चालक समितिको ८७ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

सभा हुने मिति : २०८० साल असार १५ गते शुक्रवार, तदनुसार जुन ३०, २०२३
सभा हुने स्थान : संस्थाको केन्द्रीय कार्यालय, गोलबजार न.पा. ७, चोहर्वा (सिराहा)
सभा हुने समय : विहान ११ : ०० बजे

**छलफलका विषयहरु :**

**साधारण वा सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु हुने आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ असार मसान्त सम्मको वासलात, आ.व. ०७८/०७९ को नाफा नोक्सान हिसाव, सोहि अवधिको नगद प्रवाह विवरण एवम् सो सँग सम्बन्धित अनुसुचीहरु पारित गर्ने सम्बन्धमा।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा ११ अनुसार वित्तीय संस्थाको आ.व. ०७९/०८० को लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. वित्तीय सस्थामा रिक्त रहेको सञ्चालक सदस्यमा संस्थापक शेयरधनीको तर्फबाट मनोनयन गर्ने सम्बन्धमा।
५ यस वित्तीय संस्थामा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको छनौट गर्ने सम्बन्धमा।
६. विविध,

**विशेष प्रस्तावहरु :**

१. नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धित्तोपत्र बोर्ड लगायत अन्य नियमनकारी निकायहरुबाट प्रबन्ध पत्र तथा नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धमा।
२. कुनै पनि लघुवित्त वित्तीय संस्थासँग एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनको लागि उपयुक्त लघुवित्त वित्तीय संस्थाको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न, परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्न र निजको पारिश्रमिक निर्धारण गर्न, अन्य वित्तीय संस्थाहरुको शाखाहरु खरिद तथा प्राप्ती गर्ने लगायतका कार्यहरु सँग सम्बन्धित आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।
३. विविध

**वार्षिक साधारण सभा सम्बन्धि थप अन्य जानकारी :**

१. चौथो वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०८०/०३/०४ गते १ दिन शेयर दाखिला खारेज बन्द गरी मिति २०८०/०३/०३ गते सम्म कायम संस्थापक र सर्वसाधारण शेयरधनीहरुलाई मात्र साधारण सभामा भाग लिन, मतदान गर्ने अधिकार हुनेछ।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने सम्पुर्ण शेयरधनी महानुभावहरुले आ-आफ्नो परिचय खुल्ने कुनै पनि परिचय पत्र अनिवार्य लिई आउनु पर्नेछ।
२. शेयरधनीहरुको हाजिरी पुस्तिका विहान १०:०० बजे देखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ।
३. साधारण सभामा भाग लिन वा मतदानका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरुले साधारण सभा हुनु भन्दा ७२ घण्टा अगावै प्रोक्सी फाराम वित्तीय संस्थाको केन्द्रीय कार्यालय गोलबजार न.पा. ७ चोहर्वा सिराहामा दर्ता गराई सक्नु पर्नेछ। शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि नियुक्त गर्न पाईने छैन। एक जना शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रोक्सी दिई पठाएमा पहिले दर्ता गराएको प्रोक्सीले मान्यता पाउनेछ। प्रोक्सी नियुक्त गर्ने आफै उपस्थित हुन चाहेमा २४ घण्टा अगावै उपस्थित भई लिखित सूचना दिनु पर्नेछ।
४. सभामा भाग लिन वा मतदानका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धित शेयरधनी स्वयम् सभामा उपस्थित हुनु आएमा शेयरधनीले गरि दिएको प्रोक्सी स्वतः बदर हुनेछ।
५. कुनै संगठित सस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधि (प्रोक्सी) ले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ। त्यस्ता संगठित सस्थाबाट मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सि फाराममा सस्थाको छाप र आधिकारीक व्यक्तिको दस्तखत हुनुपर्नेछ।
६. नावालकको हकमा संरक्षकले मात्र सभामा भाग लिन,प्रतिनिधि तोक्न र मतदान गर्न पाउनेछ। शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्ति मात्र संरक्षक मानिनेछ।
७. साधारण सभा सम्बन्धि जानकारी वित्तीय संस्थाको वेवसाइट www.shrijanshil.org बाट लिन सकिनेछ। अन्य थप जानकारीको लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय गोलबजार ७, चोहर्वा सिराहामा सम्पर्क राख्न हुन अनुरोध गर्दछौं।
८. साधारण सभा सम्बन्धि काम कारवाही कम्पनी ऐन, २०६३, नियमावली तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।
९. साधारण सभा सम्बन्धमा केही थप जानकारी आवश्यक परेमा वा वार्षिक प्रतिवेदन प्राप्त नभएमा कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न हुन वा स्वयम् उपस्थित भई जानकारी लिन सकिनेछ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**